# अर्थ बुलेटिन

वर्ष १ अंक ६ पुस, २०७६

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्ममा समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन्। निकासीमा भएको वृद्धि र पैठारीमा आएको कमी तथा शोधनान्तर बचत एवम पर्याप्त विदेशी विनिमय सञ्चितिले वाह्य क्षेत्रमा सन्तुलन कायम हुँदै आएको छ। संघीय सरकारको खर्च वृद्धि हुँदै गएको छ । केही वस्तुको आयात घटेका कारण भन्सार विन्दुमा संकलन हुने राजस्व घटे पनि आन्तरिक राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको छ। कराधारमा विस्तार भएको छ । स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा उत्साहजनक वृद्धि भएको छ। वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने कामदारको संख्या चालु आर्थिक वर्षको शुरुका महिनामा केही घटेको भएता पनि पछिल्ला महिनाहरुमा यस्तो संख्या तुलनात्मक रुपमा बढेको छ। विद्युत उत्पादन, आपूर्ति र उपभोग बढेको छ। बैंकिङ्ग सेवाको पहुँच द्रुत गतिले बढ्दैछ भने बीमा प्रिमियम संकलनमा वृद्धि हुनुको साथै बीमामा जनसंख्याको पँहुच पनि बढेको छ। प्रमुख आर्थिक परिसूचकहरुको प्रवृत्ति विश्लेषण गर्दा समग्र मूल्य स्थितिमा केही चाप पर्दै गएको र बाँकी आर्थिक परिसूचकहरु सुधार उन्मुख देखिन्छन्।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

# मुलुकको वर्तमान आर्थिक परिदृष्य

## संघीय सरकारी खर्च

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्म संघीय सरकारको कुल खर्च रू. ४ खर्व ९ अर्ब ५० करोड रहेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ३ खर्व ९ अर्व ६१ करोड, पूँजीगत खर्च रू. ६२ अर्व ७७ करोड र वित्तीय व्यवस्थातर्फको खर्च रू. ३७ अर्व १३ करोड रहेको छ।

चार्ट (क): आर्थिक वर्ष २०७६/७७ को पुषसम्मको महिनागत खर्च (रु अर्व)





स्रोत: महालेखा नियन्त्रक कार्यालय

## राजस्व परिचालन

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्ममा कुल राजस्व परिचालन रू. ४ खर्व ५६ अर्व १९ करोड पुगेको छ। गत आर्थिक वर्षको यसै अवधिको राजस्व संकलन रु. ४ खर्व २ अर्व ४६ करोडको तुलनामा १३.३ प्रतिशतले वृद्धि भएको छ । कुल राजस्व परिचालन मध्ये कर राजस्व रू. ३ खर्व ९१ अर्ब ९८ करोड र गैरकर राजस्व रू. ६४ अर्व २१ करोड रहेको छ।

चार्ट (ख): आर्थिक वर्ष २०७६/७७ को महिनागत राजस्व असुली (रु अर्वमा)





स्रोत: अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा।

सिमेन्ट क्लिङ्कर, एम एस विलेट, पत्थर कोइला लगायतका वस्तुको पैठारीमा भएको कमीको कारण भन्सार विन्दुमा संकलन हुने राजस्वमा गत आ.ब. को पुष महिनासम्मको तुलनामा भन्सार महशुल २.२ प्रतिशत, मूल्य अभिवृद्धि कर ४.१ प्रतिशत र अन्त:शुल्क ८.२ प्रतिशतले घटेको छ । आन्तरिक राजस्वको संकलन भने उल्लेख्य रुपमा बढेको छ। यस अवधिमा आयकर तथा आन्तरिक मूल्य अभिवृद्धि करको संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा क्रमश: ३०.३ प्रतिशत र ३१.७ प्रतिशतले बृद्धि भएको छ भने आन्तरिक अन्तशुल्क १२.९ प्रतिशतले वृद्धि भएको छ।

http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

चार्ट (ग): आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को पुषसम्मको राजस्व संकलनको संरचना




स्रोतः अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा

#अन्य अन्तर्गत शिक्षा सेवा शुल्क र अन्यकर समावेश गरिएको छ।

**तालिका (क): राजस्व लक्ष्य र असुली** (रू. अर्बमा)

| राजस्व शिर्षक | आ.ब. २०७६/७७ को वार्षिक लक्ष्य | राजस्व असुली | | |
|---|---|---|---|---|
| | | २०७५ पुषसम्म | २०७६ पुषसम्म | बृद्धि |
| भन्सार महशुल | २१३.२० | ७९.६४ | ७७.९३ | -२.२ |
| मूल्य अभिवृद्धि कर | ३१५.०१ | ११७.१० | १२६.७५ | ८.२ |
| आन्तरिक | ११८.३८ | ४०.२२ | ५२.९९ | ३१.७ |
| पैठारी | १९६.६३ | ७६.८८ | ७३.७६ | -४.१ |
| अन्तशुल्क | १६९.९८ | ६१.५१ | ६३.६५ | ३.५ |
| आन्तरिक | १०६.३० | ३४.०८ | ३८.४८ | १२.९१ |
| वाह्य | ६३.६८ | २७.४३ | २५.१७ | -८.२४ |
| आयकर | २८०.३५ | ८६.४३ | ११२.६० | ३०.३ |
| अन्य # | ३०.६२ | १४.९७ | ११.०५ | -२६.१ |
| **जम्मा कर राजस्व** | **१००९.१६** | ३५९.६४ | ३९१.९८ | ९.० |
| **गैरकर राजस्व** | **१०२.८७** | ४२.८२ | ६४.२१ | ५०.० |
| **कुल राजस्व** | **१११२.०३** | ४०२.४६ | ४५६.१९ | १३.३ |

स्रोतः अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्। बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।

## करको दायरा विस्तार

२०७६ असारसम्म स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या २१ लाख ७२ हजार २ सय रहेकोमा २०७६ पुष महिनासम्म यस्तो संख्या ४४.१८ प्रतिशतले बढेर ३१ लाख ३१ हजार ९ सय ५३ पुगेको छ। २०७६ पुषसम्म व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १३ लाख २३ हजार ९८ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १८ लाख ५ हजार ४ सय ३३ पुगेका छन्। चालु आर्थिक वर्षको पुष महिनासम्ममा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ८ लाख १३ हजार ९ सय ७८ थप भएका छन्। २०७६ पुषसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ४६ हजार ६ सय ११ पुगेका छन्। चालु आर्थिक वर्षको पुष महिनासम्ममा ३४ हजार १ सय ४२ नयाँ करदाताहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। २०७६ पुषसम्म अन्तःशुल्कमा दर्ता हुने करदाताको संख्या ९५ हजार ३ सय ४९ पुगेको छ।

**तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७६ असारसम्म स्थायी लेखा नम्बर लिएका करदाताको संख्या | २०७६/७७ को पुष महिनासम्ममा थप भएका स्थायी लेखा नम्बर लिने करदाताको संख्या | २०७६ पुषसम्ममा स्थायी लेखा नम्बर लिने जम्मा करदाताको संख्या | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | ११७८३८३ | १५०८७७ | १३२३०९८ | १२.२८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९३०८० | ८१३९७८ | १८०५४३३ | ८१.८० |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ७३७ | २६८५ | ३४२२ | ३६४.३१ |
| **जम्मा स्थायी लेखा नम्बर** | **२१७२२००** | **९६७५४०** | **३१३१९५३** | ४४.१८ |
| मूल्य अभिवृद्धि कर | २१३७७० | ३४१४२ | २४६६११ | १५.३६ |
| अन्त:शुल्क | ७७४१४ | १७९३५ | ९५३४९ | २३.१७ |

स्रोतः आन्तरिक राजस्व विभाग, पुष २०७६।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७६ पुष महिनासम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. ११ खर्ब ५ अर्ब १३ करोड पुगेको छ। यस मध्ये आन्तरिक ऋण रू. ४ खर्ब ५१ अर्ब ८ करोड र वैदेशिक ऋण रू. ६ खर्ब ५४ अर्ब ५ करोड रहेको छ। यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. २ अर्ब ४० करोड वरावरको साँवा भुक्तानी र रू. १० अर्ब ३७ करोड ११ लाख वरावरको व्याज भुक्तानी गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रू. ९ अर्ब ७२ करोड र व्याज रू. २ अर्ब ६ करोड ६५ लाख भुक्तानी गरेको छ।

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनामा भएको वैदेशिक सहायता प्रतिबद्धता रू. ७२ अर्ब २९ करोड रहेको छ। यस मध्ये अनुदान र ऋणको हिस्सा क्रमशः २०.८१ प्रतिशत र ७९.१९ प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षको पुष महिनासम्ममा संघीय सरकारले प्राप्त गरेको वैदेशिक अनुदान गत आर्थिक वर्षको सोही अवधिको रू.७ अर्ब ८ करोडको तुलनामा ९३.८ प्रतिशतले बढेर रू. १३ अर्ब ७३ करोड पुगेको छ। त्यसैगरी, यस अवधिमा संघीय सरकारले प्राप्त गरेको वैदेशिक ऋण गत आर्थिक वर्षको सोही अवधिको रू. २६ अर्ब ५५ करोडको तुलनामा २२.२ प्रतिशतले बृद्धि भई रू. ३२ अर्ब ४४ करोड पुगेको छ।

## वित्तीय क्षेत्र

२०७६ पुष मसान्तसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ७४५ पुगेको छ। गत वर्षको पुष महिनासम्म यस्तो संख्या ७०३ रहेको थियो । २०७५ पुष महिनासम्म बैंक शाखा सञ्जाल ७ हजार ५ सय ९१ रहेकोमा २०७६ पुष महिनासम्म यस्तो संख्या ९ हजार २ सय ९७ पुगेको छ। वार्षिक बिन्दुगत रुपमा २०७६ मंसिरमा निजी क्षेत्रमा प्रवाह हुने बैंक कर्जा १५ प्रतिशत र बैंक तथा वित्तिय संस्थाको निक्षेप संकलन १५.६ प्रतिशतले वृद्धि भएको छ ।

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा बीमा प्रिमियम संकलन गत आर्थिक वर्षको सोही अवधिको रु. ४२ अर्ब २२ करोडको तुलनामा ४३.३ प्रतिशतले बढेर रू. ६० अर्ब ५१ करोड पुगेको छ।

२०७६ पुष महिनासम्म वैदेशिक रोजगारीमा जाने सहित बीमा सेवा पुगेको जनसंख्या ८० लाख ७३ हजार ४ सय १२ रहेको छ। यो संख्या कुल जनसंख्याको २६.९ प्रतिशत हो। २०७५ पुष महिनासम्म बीमा सेवा पुगेको जनसंख्या २३.८ प्रतिशत रहेको थियो।

**तालिका (ग): वित्तीय पहूँचका सूचकहरु**

| सूचकहरु | २०७६ असारसम्म | २०७६ मंसिरसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्जाल संख्या | ८६८६ | ९२९७* | ७.०३ |
| निक्षेप खाता संख्या# | २७८६६५०५ | २९९२९८०२ | ७.४ |
| ATM को संख्या# | ३३१६ | ३५२० | ६.२ |
| Debit Card संख्या# | ६७०८५२१ | ७००८३६४ | ४.५ |
| क्रेडिट कार्ड संख्या# | १२३१४६ | १४१२८९ | १४.७ |
| वाणिज्य बैंक पुगेको स्थानीय तहको संख्या | ७३५ | ७४५* | १.०९ |

स्रोत: नेपाल राष्ट्र बैङ्क

*पुषसम्मको

#क+ख+ग वर्गका बैङ्क तथा वित्तीय संस्थाहरुको मात्र।

## पूँजी बजार

वार्षिक विन्दुगत आधारमा २०७५ पुष मसान्तमा ११७८.० विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७६ पुष मसान्तमा १२६३.४ मा कायम भएको छ।

## समग्र मूल्य स्थिति

२०७६ मंसिर महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशत रहेको छ। यस अवधिमा तरकारी, फलफुल, मसला, दाल तथा गेडागुडी, घरायसी उपयोगिताका वस्तु तथा सेवा, लुगा तथा जुत्ता र शिक्षा उपसमूहको मूल्य वृद्धि तुलनात्मक रुपमा बढी रहेको छ। यस अवधिमा थोक मूल्यमा समेत चाप पर्न थालेको छ ।

## बाह्य क्षेत्र

### वस्तु निकासी

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्ममा कुल वस्तु निकासी अघिल्लो वर्षको सोही अवधिको तुलनामा २६.१ प्रतिशतले वृद्धि भई रू. ५७ अर्ब २८

करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी १०.३ प्रतिशतले बढेर रु. ४५ अर्ब ४१ करोड रहेको थियो। चालु आर्थिक वर्षको पुष महिनासम्ममा भारततर्फको निकासी ४८.८ प्रतिशतले बढेको छ भने चीन र अन्य देशहरुतर्फको निकासी क्रमशः ८.५ प्रतिशत र ३.८ प्रतिशतले घटेको छ। यस अवधिमा पाम आयल, भटमासको तेल (प्रशोधित), अलैची, अन्य कपडा लगायतका वस्तुको निकासी बढेको छ।

**तालिका (घ) : २०७६ पुष महिनासम्ममा निकासी भएका मुख्य ५ वस्तुहरु**
(रु. अर्बमा)

| क्र.सं. | वस्तुको नाम | २०७५ पुष | २०७६ पुष | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रशोधित पाम आयल | २.३५ | १३.९० | ४९२.१ |
| २ | सेन्थेटिक यार्न | ४.६५ | ४.२१ | -९.५ |
| ३ | उनी गलैंचा कार्पेट | ३.८७ | ३.७४ | -३.४ |
| ४ | तयारी कपडा | ३.२३ | २.९६ | -८.४ |
| ५ | भटमासको तेल (प्रशोधित) | ०.३२ | ४.३८ | १२६९.५ |
| ६ | अन्य वस्तुहरु | ३०.९९ | २८.०९ | -९.४ |
| | जम्मा | ४५.५१ | ५७.२८ | २६.१ |

स्रोतः भन्सार विभाग

## वस्तु पैठारी

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्ममा कुल वस्तु पैठारी रू. ६ खर्ब ९४ अर्ब ६९ करोड रहेको छ। यस्तो पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.०४ प्रतिशतले न्यून हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी ३०.५ प्रतिशतले बढेर रु.७ खर्ब २३ अर्ब ९४ करोड रहेको थियो। चालु आर्थिक वर्षको पुष महिनासम्म भारतबाट भएको पैठारी ९.१ प्रतिशतले घटेको छ भने चीन र अन्य देशबाट भएको पैठारी क्रमशः १२.१ प्रतिशत र ०.४ प्रतिशतले बढेको छ। मुख्य पाँच वस्तुको पैठारी मूल्यको आधारमा हेर्दा यस अवधिमा तयारी कपडाको पैठारी बढेको छ भने डिजेल, एम.एस. विलेट, एच.आर.सीट लगायतका वस्तुको पैठारी घटेको छ।

**तालिका (ङ) : २०७६ पुष महिनासम्ममा पैठारी भएका मुख्य ५ वस्तुहरु**
(रु. अर्बमा)

| क्र.सं. | वस्तुको नाम | २०७५ पुष | २०७६ पुष | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | डिजेल | ५५.१४ | ४९.१५ | -१०.९ |
| २ | तयारी कपडा | १७.८४ | १८.३५ | २.९ |
| ३ | एम. एस. विलेट | ३८.६५ | २२.२६ | -४२.४ |
| ४ | पेट्रोल | १८.१९ | १८.२७ | ०.५ |
| ५ | एच.आर. सीट | १४.३२ | १४.२९ | -0.२ |
| ६ | अन्य वस्तुहरु | ५७९.८० | ५७२.३७ | -१.३ |
| | जम्मा | ७२३.९४ | ६९४.६९ | -४.०४ |

स्रोतः भन्सार विभाग

## व्यापार सन्तुलन

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्ममा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.१ प्रतिशतले घटेर रू. ६ खर्ब ३७ अर्ब ४१ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ३२.२ प्रतिशतले बढेको थियो।

आन्तरिक उत्पादनलाई प्रबर्द्धन गर्ने, स्वदेशमा नै औद्योगिक कच्चा पदार्थको उत्पादन बढाउने एवं विलाशीजन्य वस्तुको आयात निरुत्साहन गर्ने सरकारी नीति, जलविद्युत उत्पादनको वृद्धि, सिमेन्ट, क्लिङ्करको आन्तरिक उत्पादनमा भएको वृद्धि तथा सवारी साधनको पैठारीलाई व्यवस्थित गर्न गरिएको नीतिगत व्यवस्था लगायतका कारण पैठारी घटेको तर निकासीमा बृद्धि हुँदै गएकोले वस्तु व्यापार घाटामा सुधार हुँदै गएको छ।

## सेवा व्यापार

आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनामा सेवा आय रू. ७५ अर्ब ५८ करोड र सेवा खर्च रू. ७९ अर्ब ३६ करोड भई खुद सेवा आय रू. ३ अर्ब ७८ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. ८ अर्ब ४९ करोडले घाटामा रहेको थियो।

पर्यटन आयमा १३.४ प्रतिशतको वृद्धि र शिक्षा तर्फको खर्चमा ३३.३ प्रतिशतले कमी आएको कारण सेवा क्षेत्रको असन्तुलनमा पनि सुधार हुँदै गएको छ ।

## विप्रेषण आप्रवाह तथा वैदेशिक रोजगार

आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनामा विप्रेषण आय रू. ३ खर्ब ७६ अर्ब ९९करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रू. ३ खर्ब ७६ अर्ब ५९ करोड रहेको थियो।

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्म वैदेशिक रोजगारीमा जान अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या २०.१ प्रतिशतले बढेर १ लाख ३६ हजार १ सय ३२ पुगेको छ। आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा यस्तो संख्या ३९.१ प्रतिशतले घटेको थियो। त्यसैगरी, चालु आर्थिक वर्षको पुष महिनासम्म वैदेशिक रोजगारीमा जान पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको संख्या ०.५२ प्रतिशतले बढेर १ लाख ३३ हजार ४ सय ७४ पुगेको छ।

## चालु खाता एवम् शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनामा शोधानान्तर स्थिति रू. २३ अर्ब ३० करोडले वचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधानान्तर स्थिति रू. ८५ अर्ब ३२ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता घाटामा उल्लेख्य सुधार भई रु. ७० अर्ब ३२ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. १ खर्ब १६ अर्ब ३३ करोड रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

२०७६ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू. १० खर्ब ३८ अर्ब ९२ करोड रहेकोमा २०७६ मंसिर मसान्तमा यस्तो सञ्चिति ४.८ प्रतिशतले बढेर रु.१० खर्ब ८८ अर्ब ३१ करोड पुगेको छ। २०७५ मंसिर मसान्तमा यस्तो सञ्चिति रू.१० खर्ब ६५ अर्ब ८० करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ८.३ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विदेशी लगानी

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्ममा प्रत्यक्ष विदेशी लगानी प्रतिवद्धता गत आर्थिक वर्षको रु. ४५ अर्व ८३ करोड ३६ लाख को तुलनामा ३१५.३ प्रतिशतले वृद्धि भई रु.१ खर्व ९० अर्व ३६ करोड २० लाख पुगेको छ । यस मध्ये लगानी बोर्ड मार्फत रु १ खर्व ६२ अर्व ३७ करोड ७० लाख र उद्योग विभाग मार्फत रु २७ अर्व ९८ करोड ५० लाख बराबरको विदेशी लगानी स्वीकृत भएको छ ।

## विनिमय दर

२०७६ असार मसान्तमा नेपाली रुपैंयाको अमेरिकी डलर १ को खरिद विनिमयदर रू. १०९.३६ रहेकोमा २०७६ मंसिर मसान्तमा नेपाली रुपैंया अमेरिकी डलरसँग ३.३ प्रतिशतले अवमूल्यन भई रु.११३ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पनि नेपाली रुपैंया ४.९ प्रतिशतले अवमूल्यन भएको थियो।

## अन्य आर्थिक गतिविधी

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्ममा थप कम्पनी दर्ताको संख्या १३ हजार ९१ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १३ हजार ३ सय ९५ ले थप भएको थियो।

### पर्यटक आगमन

सन् २०१८ मा स्थलमार्गबाट नेपाल आउने भारतीय पर्यटक बाहेकका पर्यटकको संख्या ११ लाख ७३ हजार ७२ रहेकोमा सन् २०१९ मा यस्तो संख्या २.१ प्रतिशतले वृद्धि भई ११ लाख ९७ हजार १ सय ९१ पुगेको छ।

### विद्युत उपभोग

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनामा विद्युत उपभोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७ प्रतिशतले वढेर ३०४२ गिगावाट घण्टा पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उपभोग २५९९.७ गिगावाट घण्टा रहेको थियो। आन्तरिक उर्जा उत्पादन वृद्धिसँगै भारतबाट हुने विद्युत आयात अघिल्लो वर्षको तुलनामा २० प्रतिशतले घटेको छ ।

## नीतिगत तथा कानूनी राय परामर्श

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको कर्मचारी सेवा शर्त (पहिलो संशोधन) विनियमावली, २०७६ मा स्वीकृति प्रदान गरिएको छ।
- बैङ्किङ्ग कसूर तथा सजाय (दोश्रो संशोधन) विधेयक, २०७६, मालवस्तुको वर्गीकरण तथा उत्पत्ति सम्बन्धमा पूर्वादेश जारी गर्ने सम्बन्धी सूचना र राजस्व न्यायाधिकरणसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धी कानुनको मस्यौदामा तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको छ ।
- विभिन्न ऐन, नियम, कार्यविधि, मापदण्ड तथा अध्ययन प्रतिवेदन सम्बन्धमा राय/सहमति प्रदान गरिएको छ।

## मन्त्रालयका गतिविधीहरु

- नेपाल सरकारका सबै मन्त्रालयहरुका सचिव तथा विभागीय/आयोजना प्रमुखहरुसंग २०७६ पौष ६ गतेदेखि १३ गतेसम्म नेपाल सरकारको आ.व.२०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको विषयमा समीक्षा सम्पन्न भएको छ।
- आ.व. २०७६/७७ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र निक्षेप तथा कर्जा सुरक्षण कोषको वित्तीय विवरण सम्बन्धी तथ्याङ्क एकीकृत गरी तुलनात्मक विश्लेषण गर्ने कार्य शुरु भएको छ।
- माननीय अर्थमन्त्रीको अध्यक्षतामा मिति २०७६।०९।१६ गते"उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समिति" को बैठक बसी विगतका निर्णय कार्यान्वयनको समीक्षाका साथै थप निर्णयहरु गरी आवश्यक कार्यार्थ सम्बन्धित निकायहरुमा पठाइएको छ ।
- नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७६/०९/२८ को निर्णयानुसार ग्रेड समायोजन सम्बन्धमा सबै सार्वजनिक संस्थानहरुलाई परिपत्र गरिएको छ ।
- भन्सार सहयोग अदान प्रदान गर्ने सम्झौतामा हस्ताक्षर सहित नेपाल-चीन बत्तिसौं वार्षिक भन्सार सीमा बैंठक (Annual Customs Border Meeting) सम्पन्न भएको छ ।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/०९/२१ को निर्णयानुसार श्री भिष्म राज ढुङ्गाना, मोरङ्गलाई नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा ४ वर्षका लागि नियुक्त गरिएको छ ।
- मूल्य अभिवृद्धि कर निर्देशिका संशोधन सहित स्वीकृत भएको छ । उपभोक्तालाई नगद फिर्ता (Cash Back) गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भएको छ ।

### अन्य गतिविधिहरु

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग नेपालका लागि बेलायतका नवनियुक्त राजदुत निकोला पोलिटले अर्थ मन्त्रालयमा शिष्टाचार भेट गर्नु भयो। उक्त भेटमा अर्थमन्त्री डा. खतिवडाले नवनियुक्त राजदुतलाई स्वागत गर्दै सफल कार्यकालको लागि शुभकामना दिनुका साथै, नेपालको विकासमा बेलायत सरकारबाट प्राप्त सहयोगको लागि धन्यवाद दिनु भयो ।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडा र नेपालका लागि बेलायतका राजदूत बीच शिष्टाचार भेटघाट ।

- बेलायतसँग दोहोरो कर मुक्ति सम्झौताको प्रक्रिया अघि बढेको उल्लेख गर्नु हुदै अर्थमन्त्री खतिवडाले लगानीको वातावरणमा सुधार भएकोले बेलायतका लगानीकर्तालाई पर्यटन, जलविद्युत, सडक लगायतमा लगानी गर्न आग्रह गर्नु भयो। नेपालको निर्यात बृद्धिका लागि सहजीकरण गर्न बेलायत सरकारलाई अनुरोध गर्नुका साथैं अर्थमन्त्रीले नेपाल भ्रमण वर्ष २०२० मा बढी भन्दा बढी बेलायती पर्यटकलाई भ्रमण गर्न समेत आग्रह गर्नु भयो।
- राजदुत पोलिटले नेपाल र बेलायत बीच लामो सम्बन्ध भएको उल्लेख गर्दै आफ्नो कार्यकालमा नेपालसगँ सहकार्य गर्दै अगाडि बढ्ने बताउनु भयो ।
- मिति २०७६/९/२२ गते संघीय संसद राष्ट्रियसभा अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिले आयोजना गरेको 'समावेशी विकास र समृद्ध नेपाल कार्यक्रमलाई अर्थमन्त्री डा. खतिवडाले सम्बोधन गर्दै समावेशी आर्थिक विकासका लागि उत्पादनका साधनहरुमाथि सबैको पहुँच समान हुनुपर्ने बताउनु भयो ।साथै माननीय अर्थमन्त्रीले भूमी, पूँजी र प्रविधिको वितरणमा समान पहुँच भए मात्र मुलुकमा आर्थिक विकास सम्भव भएको बताउनु हुँदै त्यसका लागि संघीयता कार्यान्यवनमा आएको स्पष्ट पार्नु भयो ।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडा मिति २०७६/९/२२ गते 'समावेशी विकास र समृद्ध नेपाल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै

- संघीय व्यवस्थामा गाउँगाउँमा समतामुलक विकासका लागि स्थानीय तहले बजेट विनियोजन गर्ने र समान रुपले विकास हुने बताउँदै त्यसका लागि सरकारले उत्पादनका साधन र श्रोतको समान वितरणमा जोड दिएको बताउनु भयो । सो क्रममा अर्थमन्त्री डा. खतिवडाले आर्थिक विकास समावेशी हुनका लागि आर्थिक वृद्धि समावेशी हुनुपर्ने र आर्थिक बृद्धि समावेशी बनाउनका लागि उत्पादनका साधनमाथि समावेशी पहुँचको सुनिश्चितता हुनुपर्नेमा जोड दिनु भयो ।
- माननीय अर्थमन्त्रीले २०७६ पौष १८ गते सती भन्सार र २७ गते जलेश्वर भन्सार कार्यालयको भवन उद्घाटन गर्नु भयो । भन्सार कार्यालयको पूर्वाधार बनेपछि कार्यालयहरुले सम्पादन गर्दै आएको मालवस्तुको जांचपास लगायत दैनिक कार्यसन्चालन गर्न सहज भई समग्र व्यापार प्रणालीमा सघाउ पुग्नेमा जोड दिनु भयो ।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडा सती भन्सार कार्यालयको उदघाटन गर्नुहुँदै

- नेपाल स्टक एक्सचेन्ज लि. को २७ औं बार्षिकोत्सवको अवसरमा २०७६ पौष २९ गते आयोजित कार्यक्रममा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले शेयर बजार अर्थतन्त्रको एउटा मापक सूचक भएको उल्लेख गर्नु हुँदै राम्रोसंग लगानी गर्दा शेयर बजारबाट प्रतिफल पाईने बताउनु भयो । डा. खतिवडाले धितोपत्र सम्बन्धी ऐन, नियमावलीहरु संशोधनको क्रममा रहेकोले सोको कार्यान्वियन पश्चात शेयर बजार अझ गतिशिल हुने बताउनु भयो । साथै कारोवार समयमै राफसाफ गर्दै लैजान तथा ऋणपत्रको बजारलाई विकसित गर्नुपर्नेमा जोड दिनु भयो